## सामाजिक सुरक्षा ऐन, २०७५ र सामाजिक सुरक्षा नियमावली, २०७६मा भएको सामाजिक सुरक्षा भत्ता सम्बन्धी व्यवस्था

| क्र. सं. | लक्षित समुह | उपसमुह | मापदण्ड | संलग्न गर्नुपर्ने कागजात | साविकको फारममा थप संकलन गर्नुपर्ने विवरण | निवेदन दिने समय | भत्ता प्राप्त गर्ने समय | नविकरण गर्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता | जेष्ठ नागरिक ७० बर्ष माथी | नेपाली नागरीक र उमेर ७० बर्ष भन्दा माथी | नेपाली नागरिकता प्रमाणपत्र | | मापदण्ड पुरा भएपछी जहिलेसुकै | निवेदन दिएको अर्को महिना देखि | आगामि आर्थिक वर्षमा भत्ता प्राप्त गर्न इच्छुक लाभग्राहीले चालु आ. व. को साउन मसान्तभित्र नविकरणको लागि निवेदन दिनुपर्ने | |
| | | जेष्ठ नागरिक दलित | नेपाली नागरीक, उमेर ६० बर्ष भन्दा माथी र राष्ट्रिय दलित आयोगमा दलित भनि सुचिकृत जाती । | नेपाली नागरिकता प्रमाणपत्र र दलित जाती खुल्ने प्रमाण | | | | | |
| | | जेष्ठ नागरिक एकल महिला | नेपाली नागरिक, उमेर ६० वर्ष माथि, पतिको मृत्यु दर्ता वा अबिबाहिता प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद /न्यायिक पृथकिकरण भएको प्रमाण । | नेपाली नगरिकता प्रमाणपत्र, पतिको मृत्यु दर्ता वा अबिबाहिता प्रमाण वा अदालतबाट भएको सम्बन्ध विच्छेद /न्यायिक पृथकिकरण भएको प्रमाण | अबिबाहिता प्रमाण दर्ता मिति, दर्ता नं., पतिको मृत्यु मिति र दर्ता नं., अदालतको सम्बन्ध विच्छेद/न्यीक पृथकिकरण दर्ता मिति, दर्ता नं. | | | | |
| | | जेष्ठ नागरिक क्षेत्र तोकिएका | नेपाली नागरिक, उमेर ६० वर्ष माथि, नेपाल सरकारले तोकेका क्षेत्र भित्र परेका । | नेपाली नागरिकता प्रमाणपत्र, बसाई सरी गएको भएमा बसाईसराई प्रमाणपत्र | | | | | नेपाल सरकारले क्षेत्र तोके पछि लागु हुने । |
| २ | बिपन्न नागरिक भत्ता | | नेपाली नागरिक, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भई जिवन यापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको । | | | | | | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेपछि लागु हुने । |
| ३ | अशक्त र असाहाय भत्ता | | १. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आर्थिक रुपले विपन्न, शारिरिक वा मानसिक रुपले श्रम गर्न अशक्त भएको,<br>२.पालन पोषण तथा हेरचाह गर्न परिवारको कुनै सदस्य नभएको व्यक्ति । | | | | | | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकासन गरेपछी लागु हुने । |
| ४ | असहाय एकल महिला भत्ता | सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका | नेपाली नागरिक, अदालतबाट सम्बन्ध विच्छेद भएका, अर्को विवाह नगरेका, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएको (साठी बर्ष भन्दा कम उमेर को हकमा) । | | | | | | १) साठी बर्ष उमेर पुरा गरेका एकल महिला लाभग्राही ऐनको दफा ४ को उपदफा (१) बमोजिम जेष्ठ नागरिक भत्ता समुहमा समावेस भएको<br>२) साठी बर्ष उमेर पुरा नगरेका असहाय एकल महिलाका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यून आय तोक्ने लगायतका अन्य मापदण्ड पुरा गरेपछि लागु हुने । |
| | | विधवा | नेपाली नागरिक, पतिको मृत्यु दर्ता भएका, अर्को विवाह नगरेका रनेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएको (साठी बर्ष भन्दा कम उमेर को हकमा) । | | | | | | |
| | | न्यायीक पृथकीकरण गरी बसेका | नेपाली नागरिक, अदालतबाट न्यायीक पृथकिकरण भएका, अर्को बिबाह नगरेका नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएको (साठी बर्ष भन्दा कम उमेर को हकमा) । | | | | | | |
| ५ | अपाङ्गता भत्ता | पुर्ण अशक्त अपाङ्गता | नेपाली नागरिक, पुर्ण अशक्त अपाङ्गता भएका (प्रचलित कानुन बमोजिम क बर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) । | नेपाली नागरिकताको प्रमाणपत्र, क बर्गको अपाङ्गता परिचयपत्र | | | | | अति अशक्त अपाङ्गताको (ख बर्गको अपाङ्गता परिचयपत्र) लागि ऐनमा ब्यबस्था नरहेको । |
| ६ | बाल पोषण भत्ता | अति बिपन्न र नेपाल सरकारले तोकेका बालबालिका | नेपाली नागरिक, ५ बर्ष उमेर पुरा नगरेका, स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा जन्म दर्ता गराएको, नेपाल सरकारले तोकेका । | संरक्षकको नागरिकताको प्रमाणपत्र, बालबालिकाको जन्मदर्ता प्रमाणपत्र | | | | | नेपाल सरकारले तोकेपछि मात्र लागु हुने । |
| | | लोपन्मूख बालबालिका | नेपाली नागरिक, ५ बर्ष उमेर पुरा नगरेका, स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा जन्म दर्ता गराएको, ऐनको अनुसीमा रहेका लोपोन्मुख जाति । | संरक्षकको नागरिकताको प्रमाणपत्र, बालबालिकाको जन्मदर्ता प्रमाणपत्र, लोपोन्मुख जाती खुल्ने प्रमाण | | | | | साविकमा लोपान्मुख जाति भत्ता प्राप्त गरिरहका ५ बर्ष उमेर पुरा नगरेका लोपोन्मुख जातिका बालबालिकालाई बालपोषण भत्ता मात्र उपलब्ध गराउने । |
| ७ | आफ्नो हेरचाह आफै गर्न नसक्नेलाई स्याहार भत्ता | | नेपाली नागरिक, अल्जाइमर्स, पार्किन्सस, स्पाईनल कर्ड इन्जुरी, ब्रेन ह्यामरेज, सुस्त मनस्थिति, पक्षघात, सिकल सेल एनिमिया, मानसिक अवस्था ठिक नभएको, अटिजम जस्ता रोगबाट ग्रसित भै आफ्नो हेरचाह आफै गर्न नसक्ने अवस्थामा रहेका भनी चिकित्सकबाट प्रमाणित भएका । | लाभग्राहीको नेपाली नागरिकताको प्रमाणपत्र, स्याहार गर्नेको नागरीकता प्रमाणपत्र, रोग लागेको भनि चिकित्सकबाट प्रमाणित कागजात | रोगको प्रकार, प्रमाणित गर्ने चिकित्सकको नाम, दर्ता नं., दर्ता मिति, संरक्षकको नाम नेपालीमा, नाम अङ्ग्रेजीमा, संरक्षक संगको नाता, नागरिकता नं. जारी जिल्ला, जारी मिति | | | | नेपाल सरकारले भत्ता रकम तोकेपछि मात्र लागु हुने । |
| ८ | लोपोन्मुख जाति | | सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूचिमा उल्लिखित जातिलाई | नेपाली नागरिकताको प्रमाणपत्र, लोपोन्मूख जाति खुल्ने प्रमाण | | | | | ५ बर्ष उमेर पुरा गरेकाले मात्र प्राप्त गर्ने । |

थप ब्यहोराको लागि सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६ बाट प्राप्त गर्न सक्नुहुनेछ र विभागको ऐन तथा नियमावली विभागको वेबसाईटबाट समेत प्राप्त गर्न सकिनेछ ।